# लिच्छविकालीन नेपालको शिक्षा

**डा. गणेश धमला**
**gdhamala73@gmail.com**

**Artical History**

| Received | Revised | Accepted |
|---|---|---|
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेखमा लिच्छवीकालीन नेपालको शैक्षिक व्यवस्थापनको चर्चा गर्ने, शिक्षा विकासमा तत्कालीन राजाहरूको योगदान पत्ता लगाउने र तत्कालीन शिक्षा प्रणालीको विवेचना गर्ने उद्देश्य राखिएको छ । अनुसन्धानका क्रममा द्वितीय स्रोतको प्रयोग गरी दस्तावेज अध्ययन गरी सूचना संकलन गरिएको छ । जसमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । लिच्छवीकालीन नेपालमा अनौपचारिक शिक्षा पद्धति भए पनि राजाहरूको शैक्षिक विकासमा महत्वपूर्ण योगदान रहेको छ । शैक्षिक व्यवस्थापनका विभिन्न निकायहरू (अग्रहार) गठन गरिएको देखिन्छ । संस्कृत र बौद्ध धर्ममा आधारित शिक्षा प्रणाली गुरुकुल पद्धतिमा आधारित भएर सञ्चालन भएको पाइन्छ । नेपालको आधुनिक शिक्षाको आधार प्राचीन वैदीक शिक्षा तथा लिच्छविकालीन शिक्षा नै हो । तत्कालीन राजाहरुको पूर्ण योगदानमा विभिन्न निकायहरु मार्फत अनौपचारीक शिक्षा संचालन गरिएको थियो । यस्तो शिक्षा पद्धतिमा संस्कृत तथा वौद्ध धर्ममा आधारित भएर शिक्षा प्रदान गरिन्थ्यो । शिक्षाको मुख्य उद्देश्य आर्दश नागरिक तयार गर्नु तथा राज्यलाई आवश्यक पर्ने जनशक्ति तयार गर्नु रहेको थियो । शिक्षालाई व्यवस्थापन गर्ने कार्य प्रत्यक्ष रुपमा राज्यले नै गर्दथ्यो ।

**मुख्यशब्दावली** : अग्रहार, गुप्तलिपी, जनहित, नालन्दा, विक्रमशिला, मर्मज्ञ

## परिचय

लिच्छविकालीन शिक्षा प्राचीनकालीन शिक्षालाई निरन्तरता दिदै लिच्छविकालमा पनि अगाडि बढेको थियो । यस कालमा केही फरक तथा व्यवस्थित ढंगले शिक्षाको व्यवस्थापन गरिएको थियो । किरात वंशावलीमा भूमिवर्माले अन्तिम किरात राजा योकोहोङ्गलाई परास्त गरेर लिच्छवि वंशको राज्य शुरु गरेको भन्ने उल्लेख छ (उपाध्याय,२०६८:६०) । नेपालमा तत्कालीन किरात शासकलाई परास्त गरी नयाँ वंश लिच्छविहरूको सुरुवात भएको देखिन्छ । किराती शासक भास्कर वर्मा निःसन्तान भएकोले उनले गौतम गोत्रीय सूर्यवंशी राजपुत क्षेत्रिय वंशी भूमीवर्मालाई आफ्नो उत्तराधिकारी बनाए र यस प्रकार नेपालमा सूर्यवंशी तथा लिच्छविवंशको शासन शुरु भएको हो (शर्मा, २०२२: ७८) । यसबाट के देखिन्छ भने नेपालमा किरातकालको समाप्तिसँगै लिच्छवि शासनकाल शुरु भएको भन्न सकिन्छ । युद्धबाट परास्त गरेर वा अन्तिम किराती शासक निसन्तान, भएर आगामी उत्तराधिकारी सूर्यवंशी राजकुमारलाई दिएको भएतापनि किराती शासनको अन्त्यसँगै लिच्छवि शासन शुरु भएको देखिन्छ ।

नेपाल प्रवेश गर्दा लिच्छविहरूले तत्कालीन भारतीय गुप्तलिपि र संस्कृत भाषा पनि ल्याएका थिए (शर्मा २०२०: १२५) । लिच्छविहरू नेपालमा शासन गर्न भारतबाट आएका र जतिवेला भारतमा संस्कृत भाषाको विकास भइसकेको एवम् लिच्छविहरू संस्कृत भाषाको ज्ञाता भएको हुँदा आफूसँग उनीहरूले नेपालमा संस्कृत भाषा र त्यसको लिपी ल्याएको देखिन्छ । लिच्छवि राजाहरूको सम्पूर्ण शिलालेख परिमार्जित संस्कृत भाषामा लेखिएको छ (शर्मा, २०२०: १२५) । शिलाले खमा जनहितका कुरा लेखिएकाले पनि सामान्य व्यक्तिमा पनि संस्कृतको ज्ञान थियो (शर्मा, २०२०:१२५) । तत्कालीन नेपालको लेख्य भाषा संस्कृत भएको हुनाले लिच्छविकालीन राजाहरूद्वारा लेखिएका शिलालेखमा संस्कृत भाषाको प्रयोग हुनु र त्यस्ता लेखमा जनहितका कुरा लेखिनुले राजा तथा जनता सबैमा संस्कृत भाषाको ज्ञान थियो भन्न सकिन्छ । जसबाट लिच्छविकालमा संस्कृत भाषाको विकास भएको थियो भन्न सकिन्छ ।

मानदेव भाषा, साहित्यको उन्नतिमा पनि विशेष ख्याल राख्ने गर्दथे । केलटोलका अभिलेखबाट पनि उनी वेद तथा अन्य

विभिन्न धर्मशास्त्रहरूको अध्ययनमा विशेष रुचि राख्दथे भन्न सकिन्छ । वि. सं. ५६२ को उनकी छोरी विजयावतीको पशुपति सूर्यघाटको अभिलेखबाट नारीशिक्षा समाजमा थियो भन्न सकिन्छ (मिश्र, दहाल, २०५९:३१) । लिच्छविकालीन प्रख्यात राजा मानदेवको समयमा भेटिएका विभिन्न अभिलेखबाट उनको समयमा भएका विविध गतिविधिहरूलाई स-प्रमाण व्याख्या गर्न सकिन्छ। त्यस्ता लेखबाट उनी आफै साहित्यमा रुचि भएका, वेद तथा अन्य धर्मशास्त्रको अध्ययनमा रुचि भएका देखिएकाले लिच्छविकालमा धार्मिक शिक्षा, वेदको अध्ययन तथा विविध साहित्यको अध्ययन भएको पुष्टि हुन्छ । त्यस्तैगरी उनकी छोरी विजयावतीको सूर्यघाटको अभिलेखबाट पनि लिच्छविकालीन नेपालमा नारी शिक्षाको विकास भएको थियो भन्न सकिन्छ ।

यस समयमा कला, संस्कृति र शिक्षाको विकासमा उनीहरूको ध्यान गरिएको थियो । चौथो शताब्दिमा नै नेपालमा वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्च स्तरको पढाइ हुने गरेको देखिन्छ तर तत्कालीन नेपालमा उच्च शिक्षा अध्ययन गराउने संस्थाको नाम उल्लेख छैन । नेपाली विद्यार्थीले उच्च शिक्षाका लागि नालन्दा, विक्रमशिला विश्वविद्यालय गएर नाम कमाएका थिए (शर्मा, २०६८: १९) । लिच्छविकालमा नेपालमा उच्च शिक्षाको लागि विश्वविद्यालय नभएतापनि नेपाली भूमिमा कला, साहित्य र शिक्षाको विकास व्यापक भएको देखिन्छ । नेपाली विद्यार्थीहरूले वेद, व्याकरण, न्याय, दर्शन, ज्योतिष, साहित्य जस्ता विषयमा नेपालमा बसेर अध्ययन गर्दथे भने उच्च शिक्षाको व्यवस्था भारतीय भूमिमा रहेको नालन्दा तथा विक्रमशिला विश्वविद्यालयबाट पूरा गरेको देखिएकोले लिच्छविकालमा नेपालमा शिक्षाको विकास प्रचूर मात्रामा भएको पाइन्छ ।

चाँगुनारायण मन्दिर, मानगृह, कैलाशकुट भवन, लिच्छविकालीन वास्तुकलाका नमूना बने । मानदेवको कला प्रतिको अनुराग तिनीहरूबाट नै भेटिन्छ (शर्मा, २०६८:१९) । लिच्छविकालीन नेपालको शिक्षाको उद्देश्य कला तथा साहित्यको विकास गर्नु रहेको देखिन्छ । किनभने राजा मानदेव तथा अन्य लिच्छविकालीन राजाका समयमा तयार भएका ऐतिहासिक भवन र त्यसमा भएका कलाकारिताले तात्कालीन शिक्षा कला प्रेमी तथा कला प्रति केन्द्रित थियो भन्न सकिन्छ। लिच्छविकालीन नेपालमा बोलचालको भाषा स्थानीय भएतापनि राजभाषा संस्कृत पूर्ण प्रौढ अवस्थामा पुगेको देखिन्छ। शिक्षित जनसमुदाय संस्कृत भाषा बोल्दथे । व्रतबन्ध र विवाह तथा घरको शिलान्यास, वास्तु आदि विभिन्न व्यक्तिगत तथा सामाजिक संस्ककारहरू गर्दथे। संस्कृत भाषाले देवभाषा भनी मान्यता पाएको थियो। हिन्दू संस्कृतिको आधार पनि संस्कृत भाषा बन्न गएको छ। चाँगुनारायणको गरुड मानदेव, संस्थीपत चक्र महा विहार पाटन, लाजिम्पाट शिव मन्दिरको शिलापत्रहरू प्रौढ संस्कृत भाषामा कुँदिएको भेटिएको छ (शर्मा, २०६८: १९) । लिच्छविकालीन नेपालमा राजभाषाको रूपमा संस्कृत भाषालाई प्रयोग गरेको देखियो। त्यतिवेला प्रयोग गरिएको भाषा परिपक्को भएको देखियो। यसरी संस्कृत भाषा परिपक्क हुनमा त्यतिवेलाको नेपालमा हुने शिक्षण सिकाइ संस्कृत भाषामा हुनुपर्ने देखिन्छ। संस्कृत भाषाको प्रयोग लिच्छविकालको शुरुदखि नै प्रयोग भएतापनि लिच्छविकालको मध्य तथा अन्त्यसम्म आइपुग्दा संस्कृत भाषाले पूर्ण परिपक्वता पाएको हुँदा तत्कालीन नेपालमा शिक्षाको माध्यम संस्कृत भाषा थियो भन्न सकिन्छ।

## अध्ययनको समस्या

नेपालमा अनौपचारीक शिक्षाको सुरुवात वैदीक कालदेखि हुँदै आएको हो । प्राचीन कालदेखि लिच्छविकाल हुँदै नेपालको शिक्षाले औपचारीक रुप लिन २० औं शताब्दि लागेको थियो। तर लिच्छविकालमा नेपालको शिक्षाको विकास उल्लेखनिय रुपमा भएको देख्न सकिन्छ । तथापि शिक्षा प्राणाली, शिक्षाको व्यवस्थापन, शिक्षा विकासमा तत्कालीन राजाहरुको योगदान कस्तो थियो भन्ने कुराको अभावमा लिच्छविकालीन शिक्षालाई सजिलै बुझ्न नकिने हुँदा उपरोक्त पक्षहरुलाई समस्याको रुपमा समावेश गरिएको छ।

## अध्ययनको उद्देश्य

१. लिच्छविकालीन नेपालको शैक्षिक व्यवस्थापनको चर्चा गर्नु,
२. शिक्षा विकासमा तत्कालीन राजाहरुको योगदान पत्ता लगाउनु,
३. तत्कालीन शिक्षा प्रणालीको विवेचना गर्नु ।

### अनुसन्धानका प्रश्नहरु

१. लिच्छविकालीन नेपालको शैक्षिक व्यवस्थापन कस्तो थियो ?

२. शिक्षा विकासमा तत्कालीन राजाहरुको योगदान के कस्ता थिए ?

३. तत्कालीन शिक्षा प्रणाली कस्तो थियो ?

### अध्ययनको विधि

यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरि दस्तावेज अध्ययनको माध्यमबाट सुचनाको संकलन गरिएको छ । लिच्छविकालीन ग्रन्थ, लेख तथा दस्तावेजहरुको अध्ययन नै सूचना संकलनको आधार बनाइएको छ । ऐतिहासिक अनुसन्धान विधिमा आधारित रहेर सूचनाहरु पूर्ण रुपमा द्वितीय स्रोतबाट लिइएको छ । प्राप्त सूचनालाई वर्णनात्मक र विश्लेषणात्मक ढंगबाट प्रस्तुत गरिएको छ ।

### व्याख्या तथा विश्लेषण

लिच्छविकालीन नेपालको शिक्षा अनौपचारीक प्रकृतिको भएता पनि तत्कालीन राज्य र राजाहरुले आवश्यकताको आधारमा खास-खास व्यक्ति तथा समूदायलाई शिक्षा प्रदान गर्ने गरिएको थियो । जस अन्तर्गत शिक्षाको व्यवस्थापन, शिक्षा प्रणाली तथा तत्कालीन राजाहरुको योगदान प्रष्ट देख्न सकिन्छ ।

### शैक्षिक व्यवस्थापन

उदार तथा विद्याप्रेमी दाताहरूको दानदातव्यबाट शिक्षा केन्द्रहरू सञ्चालित हुन्थे । राजा रजौटाहरूले जग्गा गुठी राखिदिन्थे । उक्त जग्गाको आयस्थावाट शिक्षा केन्द्र सञ्चालन गरिन्थ्ये । व्यक्तिगत प्रयासमा पनि गृहस्थी, ब्रह्मचारी, साधु, महन्त भिक्षुहरू आ-आफ्नो कमाइबाट शिक्षा केन्द्रको लागि गुठी राखिदिन्थे (शर्मा, २०६८: २०) । लिच्छविकालीन नेपालमा शिक्षाको व्यवस्थापन राज्यकोषबाट छुट्टयाउने वजेटबाट सञ्चालन भएको पाइएन । तत्कालीन नेपालको शिक्षाका केन्द्रहरूको सञ्चालनार्थ समाजका विद्याप्रेमी राजा रजौटा आदिबाट उपहार स्वरूप प्राप्त चन्दा, गुठी जग्गा आदिबाट प्राप्त आम्दानीले शिक्षाका केन्द्रहरू स्थानीय स्तरमा नै सञ्चालन हुने गर्दथ्यो । त्यस्तैगरी समाजमा रहेका साधु, सन्त, महन्त, गृहस्थी भिक्षु आदिले पनि विद्यालय सञ्चालन गर्न सहयोग पुऱ्याएको देखिन्थ्यो । जसबाट लिच्छविकालीन समाजको शिक्षा सरकारी तहबाट भन्दा व्यक्तिगत र सामाजिक स्तरबाट सञ्चालन भएको देखिन्छ ।

लिच्छविकालमा शिक्षा प्रदान गर्नु राष्ट्रले एक ऐच्छिक रूपमा मात्र लिएको देखिन्छ । त्यसैले सर्व साधारण जनता कमै मात्रामा शिक्षित हुन्थे । प्रशासनको एक अंग अग्रहर शिक्षाको काम हेर्ने गर्दथ्यो (शर्मा, २०६८:२०) । लिच्छविकालमा शिक्षा सर्वसुलभ तथा अनिवार्य थिएन । राज्यले शिक्षा ऐच्छिक बनाएको थियो । अथवा शिक्षा सबै सर्वसाधारणलाई आवश्यक थिएन । देशमा सञ्चालन भएको शिक्षा केन्द्रहरूले व्यवस्थापन र अनुगमन गर्ने सरकारी निकायलाई अग्रहर भनिथ्यो । अग्रहर सरकारी प्रशासनको एक अंगको रूपमा रहेको हुन्थ्यो ।

सातौँ शताब्दिमा गुरु नै आध्यात्मिक निर्देशक हुन्थे । राजदरबारमा कवि, विद्वान् आदिको सम्मान हुन्थ्यो । राजाहरू विद्वान् तथा संस्कृत भाषाका मर्मज्ञ हुन्थे । राजा अंशुवर्माले विद्योपार्जनका संस्थाहरूको वर्गीकरण गरेका थिए । वर्गीकरण अनुसार नेपालमा शैव, वैष्णव र बौद्ध सम्प्रदायका भिन्नै विद्यालयहरू थिए । राजा शिक्षाका संरक्षक थिए (शर्मा, २०६८:२०) । लिच्छविकालीन शिक्षा पद्धतिमा गुरुलाई अत्यवन्त आर्दश मानिन्थ्यो । गुरु नै शिक्षाका निर्देशक हुन्थे । शिक्षा प्रणाली कसरी अगाडि बढाउने भन्ने निर्णय गुरुबाट नै हुने गर्दथ्यो । राजालाई सम्पूर्ण शैक्षिक संस्थाको संरक्षकको रूपमा हेरिन्थ्यो । त्यसकारण तत्कालीन नेपालमा सञ्चालित विद्यालयलाई राजा अंशुवर्माले तीन समूहमा विभाजन गरेका थिए । हिन्दूधर्म भित्रका दुई समुदाय शैव तथा वैष्णव र बौद्ध गरी विद्यालयलाई तीन समूहमा राखी प्रत्येक समुदायको आचारण, चालचलन, उद्देश्य तथा अन्य पक्षको आधारमा शैक्षिक गतिविधि सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो ।

श्रमचङ्गम्पोको पालामा तिब्बत गएका शैलमञ्जुलले संस्कृत साहित्यका कृतिहरू पनि तिब्बती भाषामा अनुवाद गरी मद्दत गरेका थिए । भृकुटीको तिब्बत प्रस्थानबाट भोटमा बौद्ध साहित्य र बौद्ध शिक्षाको प्रचारप्रसारमा यथेष्ट विकास भयो (शर्मा, २०६८: २०) । लिच्छविकालीन नेपालको शिक्षा देशमा मात्र नभएर विदेशमा पनि प्रसिद्ध भएको थियो भन्न

सकिन्छ । लिच्छविकालमा तिब्बत गएका शैलमञ्जुलले संस्कृत साहित्यका कृतिलाई तिब्वती भाषामा अनुवाद गर्नु र भृकुटीले तिब्बतमा गएर बौद्ध शिक्षा तथा बौद्ध साहित्यलाई व्यापक बनाएबाट यसलाई थप पुष्टि गर्न सकिन्छ । त्यस बखतको नेपालमा संस्कृत साहित्यलाई व्यापक बनाएबाट यसलाई थप पुष्टि गर्न सकिन्छ । त्यस वखतको नेपालमा संस्कृत साहित्य र संस्कृत शिक्षा मात्र नभएर बौद्ध शिक्षा बौद्ध साहित्यको पनि निकै विकास भएको थियो भन्न सकिन्छ । यदि यस्तो विकास हुने थिएन भने भृकुटीले तिब्बत गएर बौद्ध शिक्षा साहित्यको विकास गर्न सक्ने थिइनन् ।

नरेन्द्र देवलाई चिनिया यात्रीले त्यसबखत नेपालीहरू औषधी गर्न ज्योतिषिको काममा निपुण हुन्छन्, शरीर विज्ञानको अनुसन्धान रुचि लिएर गर्दछन् भन्ने उल्लेख गरेका छन् (शर्मा, २०६८: २०) । लिच्चविकालीन नेपालमा संस्कृत तथा बौद्ध शिक्षाको मात्र विकास भएको नभई राजा नरेन्द्र देवकोपालमा शरीर विज्ञानको अनुसन्धान तथा ज्योतिषविद्याको समेत विकास भएको उल्लेख गर्न सकिन्छ । प्रस्तुत कथन राजा नरेन्द्र देवको पालामा नेपाल आएका तिब्बती यात्रीले उल्लेख गरे अनुसार पुष्टि गर्न सकिन्छ ।

नवौं शताब्दिको आसपासमा नेपालका विद्वान् रत्नकृति वैरोचन र कनकश्री गंगा किनार स्थित मगध राज्यको विक्रमशीलामा पढाउथे । संस्कृतका विद्वान् वरणसी नवदीप मिथिलासम्म पुग्दथे (शर्मा, २०६८: २१) । लिच्छविकालमा केवल विद्यार्थी मात्र नभएर ठूलाठूला विद्वान् तथा प्राध्यापकहरूले पनि विदेशसम्म पुगेर नेपालको प्रतिष्ठा स्थापित गराएका थिए । नेपाली विज्ञहरू रत्नकृती वैरोचन तथा कनकश्रीले त्यतिवेलाको प्रतिष्ठित विश्वविद्यालय, विक्रमशिलामा पढाएर देशको गौरब बढाएबाट यसलाई पुष्टि गर्न सकिन्छ ।

एघारौ शताब्दिको शुरुमा फर्पिङ, पाटन र काठमाडौं तीन ठूला शिक्षा केन्द्रका रूपमा थिए र अतिशा त्यहाँका बौद्ध धार्मिक ग्रन्थको अध्ययन गर्न चाहन्थे । त्यहाँ पुस्तक लेखन कला, तपशास्त्र, धातु र मुर्तिकलाको शिक्षा दिइन्थ्यो । त्यसवखत पण्डित महाकरण र विभुतिचन्द्र नेपालका ठूला विद्वान्का रूपमा गनिन्थ्ये (शर्मा, भाग १, २०६८: २१) । लिच्छविकालीन नेपालको एघारौँ शताब्दिमा आइपुग्दा नेपालका तीन ठूला शहर शिक्षाको केन्द्रको रूपमा रहेको हुँदा त्यस वखत नेपालमा शिक्षाको विकास व्यापक भएको भन्न सकिन्छ । पाटन, फर्पिङ र काठमाडौँलाई शिक्षाको केन्द्र मानिन्थ्यो । त्यस्ता केन्द्रमा विशेषगरी बौद्ध धर्म सम्बन्धी गहन शिक्षा दिइन्थ्यो भने यसको अतिरिक्त त्यस्ता शिक्षा केन्द्रहरूमा पुस्तकलेखन, तपशास्त्र, धातु तथा मूर्तिकलामा केन्द्रित शिक्षा प्रदान गरिन्थ्यो । जसले गर्दा आज पनि नेपालमा लिच्छविकालीन मूर्ति तथा वास्तुकलाका नमूना प्रसस्त देख्न सकिन्छ ।

लिच्छविकालीन शिक्षाको विकास धार्मिक सहिष्णुताको आधारमा भएको थियो (शर्मा भाग १, २०६८:२१) । लिच्छविकालीन नेपालमा विकसित भएको शिक्षा नितान्त धार्मिक सहिष्णुतामा केन्द्रित भएर सञ्चालन भएका थिए । किनभने नेपाली भूमिबाट संस्कृत शिक्षा, बौद्ध शिक्षालाई समान रूपमा विकास गर्ने तथा देश विदेशसम्म फैलाउने काम भएको थियो ।

### शिक्षामा राजाहरूको योगदान

राजा मानदेव शिक्षाको क्षेत्रमा छोराछोरीमा भेदभाव गर्दैनथे । उनी छोरालाई जत्तीकै छोरीको शिक्षामा पनि जोड दिन्थे (उपाध्याय, २०६८:६७) । लिच्छविकालीन राजा मानदेवको शासनकालमा छोरा र छोरीमा शिक्षामा विभेद थिएन । उनले छोरीलाई पनि छोरा सरह नै सक्षम बनाउने उद्देश्यले समान शिक्षाको अवसर दिएको पाइन्छ । उनकी छोरी विजयवती विभिन्न कलामा निपुण भएकोबाट पनि यसलाई पुष्टि गर्न सकिन्छ ।

अंशुवर्मा स्वयम् विद्वान् तथा बुद्धिमान् थिए । उनी विद्वान् थिए भन्ने कुरा चिनिया यात्री युवानचाङ्को वर्णनबाट थाहा पाइन्छ । उनले शब्दविद्या नामको ग्रन्थ तयार गरेका थिए । उनको विद्वत्ताको परिचय यिनले 'कलहभी मानी' उपनाम ग्रहण गरेबाट पनि पाउन सकिन्छ । जसको अर्थ लक्ष्मीसँग कलह गर्ने र सरस्वतीको भक्त थिए भन्ने बुझिन्छ उपाध्याय,२०६८:७८) । राजा अंशुवर्मा लक्ष्मीसँग कलह गर्ने वा धन प्रति मोह नभएका तर सरस्वती वा विद्याकी देवीको भक्त भएकाले उनले आफूलाई विद्वान्को रूपमा स्थापित गरेको हुनाले उनको समयमा नेपालमा शिक्षाको विकास प्रसस्त भएको थियो भन्न सकिन्छ ।

राजा अंशुवर्मा कला प्रेमी थिए । उनले बौद्धविहार कैलाशकुट भवन आदिको निर्माण गरेका थिए (उपाध्याय, २०६८:

७९) । राजा अंशुवर्माको समयमा शिक्षाको साथै कलाको विकास व्यापक थियो । उनको समयमा प्रसस्त बौद्ध विहार तथा कैलाशकुट भवन आदिको निर्माण कलात्मक ढंगबाट भएकोले यसलाई प्रष्ट पार्न सकिन्छ ।

लिच्छविकालमा लगभग बीसवटा बौद्ध विहारहरू भएको विवरण पाइन्छ । यी बौद्ध विहारहरूमा शिक्षा र उपदेश दिने व्यवस्था थियो । भारतीय बौद्ध विहारमा शिक्षा र उपदेश दिने व्यवस्था भए जस्तै नेपालमा पनि यसको प्रचलन भएको पाइन्छ । ई.स. ४६४ देखि नेपालमा शिलालेख स्थापना गर्नथालिएको प्रमाण छ । यस कालका शिलालेखहरू ब्राह्मीलिपिमा प्राञ्जल संस्कृत भाषामा लेखिएका छन् । अनुपरम गुप्त, बुद्धकृति कवि, राजा जयदेव द्वितीय आदिको वृतान्तले यही पुष्टि गर्छ । तत्कालीन नेपालमा राजालगायत जनतामा पनि शिक्षाको प्रचार-प्रसार थियो । शिक्षा ग्रहण गर्न विदेशी मुलुकतिर जानु पर्दैनथ्यो । तात्कालीन नेपालमा वेद, उपनिषद्, आरोग्य नीति आदिको शिक्षा लिने चलन थियो । विश्वामित्र, वाल्मीकि, वेदव्यास आदिको आश्रम यहि भएबाट त्यतिखेर विश्वविद्यालयको चलन नभएतापनि स्तरीय गुरुकुलको व्यावस्था थियो (बराल, २०५०: २०६) । नेपालमा शिलालेखको चलन लिच्छविकालमा शुरु भयो । २० वटा भन्दा बढी बौद्ध विहारहरू पाइनु, विभिन्न लिपिमा लेखिएको शिलालेख पाइनुले यस समयमा शिक्षाको विकास भएको पाइएको छ । लिच्छविकालमा राजाका अतिरिक्त जनताले समेत शिक्षा ग्रहण गर्ने मौका पाएबाट शिक्षाको विस्तार जनतासम्म गएको देखिन्छ । त्यसवखत नेपालमा विश्वामित्र, वेदव्यास तथा वाल्मीकि जस्ता विद्वान्हरू भएकाले प्रख्यात विश्वविद्यालय नभएतापनि उच्च गुणस्तरको गुरुकुलहरू सञ्चालन भएका थिए । जसबाट शिक्षाको विकास भएको थियो ।

## लिच्छविकालीन शिक्षा प्रणाली

### अग्रहार

लिच्छविकालीन अभिलेखमा धेरै ठाउँमा अग्रहार लेखिएको छ । यी अग्रहारहरू राजाले निश्चित अधिकार दिएर छुट्टाइएका विर्ता सरह हुन्थे । विर्तावाला नै अग्रहारका मुख्य अधिपति हुन्थ्यो । त्यसमा सरकारी हस्तक्षेप हुँदैनथियो । अग्रहारका पण्डितहरू त्यसै जमिनको आयस्ताबाट जिविकोपार्जन गर्दथे र छात्रछात्राहरूलाई निःशुल्क शिक्षा दिन्थे (बराल, २०५० :२५३) । अग्रहार विद्या आर्जन गर्ने एउटा विद्यालय हो । राज्यबाट छुट्टाइएको तर सरकारी हस्तक्षेप नहुने विर्तासरहको संस्था जसमा भएको जमिनको आम्दानीबाट छात्रछात्रा लगायतले खाने बस्ने र पढ्ने कार्य सम्पन्न गरिन्थ्यो ।

### गोष्ठी

लिच्छविकालमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न ब्रह्मणहरूका लागि केही गोष्ठीहरू स्थापना भएका थिए । राजा शिवदेव प्रथमको अभिलेखमा ब्राह्मणहरूको गोष्ठी र गोष्ठीका सदस्यहरूको उल्लेख भएको छ (बराल, २०५०: २५४)। यस कालमा ब्राह्मणहरूको समूहलाई अध्ययन खोज तथा अन्य कार्य गर्नको लागि केही जग्गा दान गरेर गोष्ठी सञ्चालन गर्न दिइन्थ्यो । यस्ता ब्राह्मणहरूलाई गोष्ठिीक तथा सदस्यहरूको उल्लेख भएको छ (बराल, २०५०: २५४) । यस कालमा ब्राह्मणहरूको समूहलाई अध्ययन, खोज तथा अन्य कार्य गर्नका लागि केही जग्गादान गरेर गोष्ठी सञ्चालन गर्न दिइन्थ्यो । यस्ता ब्राह्मणहरूलाई गोष्ठीक तथा सदस्य भनिन्थ्यो । जहाँ छात्रछात्राहरूलाई निःशुल्क पढाउने व्यवस्था मिलाइएको थियो ।

### भिक्षु-भिक्षुणी संघ

लिच्छविकालमा २० वटा बौद्ध विहार थिए । बौद्ध विहारको स्थापना बौद्ध शिक्षा तथा उपदेश दिनका लागि गरिएको हुन्छ (बराल, २०५०:२५४) । यस्ता विहारहरूमा बुद्ध शिक्षा र उपदेश लिन चाहनेहरूलाई शिक्षा दिने काम गरिन्थ्यो ।

### मठमन्दिर

लिच्छविकालमा पनि आजकै जस्तो गरी विविध मठ तथा मन्दिरहरूमा धार्मिक प्रवचन गरीन्थ्यो । वाचकको प्रमुख उद्देश्य स्रोताहरूलाई धार्मिक ज्ञान दिने वा धार्मिक शिक्षा दिने रहेको हुन्थ्यो (बराल, २०२०: २५५) । लिच्छविकालमा हिन्दू धर्मका अनुयायीहरूलाई धार्मिक ज्ञान दिन तथा धार्मिक शिक्षा दिन मठ तथा मन्दिरका पण्डितहरूले प्रवचन दिने गर्दथे । यसलाई शिक्षा प्रदान गर्ने एउटा पद्धतिको रूपमा लिन सकिन्छ ।

## भाषा तथा लिपी

लिच्छविकालमा संस्कृत भाषालाई राजभाषको रूपमा लिइएको छ । यसकालका प्रायः सवै शिलालेखहरू विकसित ब्राहमीलिपी तथा प्राञ्जल संस्कृत भाषामा लेखिएका छन् । तर कनिष्कको पालामा पाली भाषालाई हटाई संस्कृत भाषालाई राजभाषाको रूपमा मान्यता प्रदान गरियो । भारतमा भएको यस कार्यबाट प्रभावित भई नेपालमा नेपाली तथा अन्य स्थानीय भाषाको प्रयोग भएतापनि लिच्छवि शासक नेपालमा प्रवेश गरेसँगै संस्कृत भाषाको प्रभाव र विकास तीव्र गतिमा भयो; जसको परिणाम स्वरूप सम्पूर्ण शिलालेख तथा अन्य ग्रन्थहरू संस्कृत भाषामा नै लेखियो भने राजभाषाका रूपमा संस्कृत भाषालाई मान्यता दिएको पाइयो ।

तत्कालीन नेपालमा राजा, राजपरिवार, राजाका नातेदार, सामन्त, कुलीनवर्ग, सर्वसाधारण नागरिक सबैमा शिक्षाको अवसर पुगेको थियो । शिक्षा ग्रहण गर्नका लागि छिमेकी मुलुकतिर जानु पर्दैनथ्यो । नेपालमा वेद, उपनिषद्, आरोग्यशास्त्र, नीति आदिको शिक्षा दिने चलन थियो । विभिन्न विद्वान्हरू त्यतिवेला नेपालमा प्रसस्त पाइएबाट लिच्छविकालीन नेपालमा शिक्षाको विकास समग्रमा राम्रो थियो भन्न सकिन्छ । लिच्छविकालीन नेपालको समग्र शिक्षाको वर्णन गर्दा यसको विकास दैवी सिद्धान्तको आधारमा भएको पाइन्छ । किनभने शिक्षा विकासको केन्द्र राजा तथा सरकार भएकाले सर्वसाधारणले सजिलै शिक्षाको अवसर पाउन सकेन भने अर्कोतिर कला साहित्य तथा संस्कृत भाषामा शिक्षा दिने कार्य भएबाट त्यस वेला संस्कृत भाषाको महत्व प्रष्ट देखिन्छ । त्यसैले लिच्छविकालीन शिक्षाको पछिल्लो समय समकालीन सिद्धान्तबाट पनि प्रभावित भएको पाउन सकिन्छ । यस समयमा नेपाली शिक्षा भारत तथा तिब्बतसम्म फैलिएको र नेपाली पण्डित तथा कलाकारहरू तिब्बत तथा भारतका ठूला विश्वविद्यालयमा स्थान पाउन सफल भएको देखिन्छ ।

## सारांश

प्रस्तुत अनुन्धानले नेपालको लिच्छविकालीन शिक्षाको विश्लेषण, राजाहरुको योगदान र शिक्षा प्रणलीमा केन्द्रित रहेर तयार गरिएको छ । विभिन्न ऐतिहासिक ग्रन्थहरुको अध्ययन गरि विश्लेषणत्मक विधिवाट लेख तयार गरिएको छ । लिच्छवीकालीन शिक्षा प्रणालीले हालको शिक्षा प्रणालीमा प्रभाव पारेको देखिन्छ । विद्यालयको शिक्षा प्रणालीमा आज पनि गुरुकुल प्रणालीको प्रभाव परेको देख्न सकिन्छ । विद्यालयदेखि विश्वविद्यालयसम्म सरकार र राज्य प्रमुख कार्यकारी वा संरक्षक भएर भूमिका निर्वाह गर्ने गरेको पाइन्छ । तत्कालीन समयमा विद्यार्थीलाई गुरुकुलबाट गरिने बिदाइ कार्यक्रम आजको दीक्षान्त कार्यक्रम जस्तै छ । त्यतिबेला प्रयोग हुने मेखलालाई गाउनका रूपमा प्रयोग गरेको पाइन्छ लिच्छविकालीन नेपालको शिक्षा हिन्दु तथा बौद्ध शिक्षा पद्धितिमा आधारित थियो । शिक्षाको उद्देश्य समाजमा असल एवं चरित्रवान नागरीक तयार गर्ने तथा आर्दश नागरीक तयार गर्ने रहेको थियो । गुरुकुल वा गुम्वा शिक्षा पद्धतिबाट प्रदान गरिने शिक्षामा विद्यार्थीलाई कडा अनुशासनमा राखि असल नागरिक बनाईन्थ्यो । शिक्षा व्यवस्थापनमा विभिन्न निकायहरु गठन गरिएको थियो । जसमध्ये अग्रहार उल्लेखनिय थियो । शिक्षा विकासमा राजाहरुको भूमिका महत्वपूर्ण रहेको थियो । त्यसैगरी शिक्षा प्रणालीमा मठमन्दिर, भिक्षु -भिक्षणी संघ, गोष्टि तथा विहार आदिलाई व्यवस्थित रुपमा परिचालन गरिएको थियो ।

## सन्दर्भ सामाग्री


उपाध्याय, श्रीरामप्रसाद (२०५२), *नेपालको सामाजिक, आर्थिक तथा राजनैतिक इतिहास,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

बराल, वासु (२०५०), *हिन्दू सामाजिक संगठनको प्रारूप,* काठमाडौंः साझा प्रकाशन ।

शर्मा, देवीप्रसाद (२०५९), *आधुनिक नेपालको इतिहास,* काठमाडौंः रत्नपुस्तक भण्डार।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र (२०६८), *शोधविधि,* ललितपुरः साझा प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६२), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौंः मकालु प्रकाशन

शर्मा, गोपीनाथ (२०६७), *नेपालमा शिक्षाको इतिहास भाग -२,* काठमाडौंः मकालु प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास भाग -१,* काठमाडौं : मकालु प्रकाशन ।